


# नेपाल

{ राज्यको मुख्य लक्ष्य प्राप्तिको लागि अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता वकिलबीचको अन्तरसम्बन्ध एवं समन्वयको विकास गर्न सम्मेलन सफल हुने विश्वास उहाँले व्यक्त गर्नुभयो।



२०७२ सालको भूकम्पपछि बल्ल पुनर्निर्माणको चरणमा रहेको दरबार हाइस्कुलको पुरानो संरचना भत्काएर सोही शैलीमा चिनियाँ सरकारको सहयोगमा निर्माण हुने क्रममा रहेको छ। *तस्वीर : दीपक रिजाल/नेस*

# संगठित अपराधलाई निस्तेज पार्न प्रहरीको भूमिका महत्त्वपूर्ण

**नेपाल समाचारपत्र**

काठमाडौं

गृहमन्त्री रामबहादुर थापाले भ्रष्टाचार, गुन्डागर्दीजस्ता संगठित अपराधमा संलग्न अपराधीलाई पूर्णरुपमा निस्तेज पारी निर्दोषलाई उन्मुक्ति र अपराधीलाई दण्ड दिलाउन अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकिल दृढ भएर अगाडि बढ्नुपर्ने बताउनुभएको छ।

'विश्वासिलो र भरपर्दो फौजदारी न्याय प्रशासन, वस्तुगत प्रमाणमा आधारित अनुसन्धान र अभियोजन' भन्ने मूल नाराका साथ प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागको आयोजना र महान्यायाधीवक्ताको कार्यालयको समन्वयमा आयोजित प्रभावकारी अनुसन्धान तथा अभियोजनका लागि प्रहरी र सरकारी वकिलको दुई दिवसीय पहिलो प्रदेश सम्मेलन २०७५ को शुक्रबार उद्घाटन गर्दै गृहमन्त्री थापाले उक्त कुरा बताउनुभएको हो।

समाजमा न्याय स्थापित नहुँदा राष्ट्रले लिएको मुख्य लक्ष्य विकास र समृद्धिमा गम्भीर असर पर्ने उल्लेख गर्दै गृहमन्त्री थापाले न्याय प्रणालीलाई अझ मजबुत बनाई वस्तुगत प्रमाणमा आधारित प्रभावकारी अनुसन्धान अत्यन्तै महत्त्वपूर्ण रहेको उल्लेख गर्नुभयो। राज्यको मुख्य लक्ष्य प्राप्तिको लागि अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता वकिलबीचको अन्तरसम्बन्ध एवं समन्वयको विकास गर्न सम्मेलन सफल हुने विश्वास उहाँले व्यक्त गर्नुभयो।

समाजमा शान्ति स्थापना गरी जनताको हकअधिकारको संरक्षण गर्दै कानुन कार्यान्वयन तथा अपराध अनुसन्धान गर्ने निकायलाई साधन सम्पन्न बनाउनु अहिलेको मुख्य आवश्यकता रहेको चर्चा गर्दै गृहमन्त्री थापाले अपराध नियन्त्रण तथा अनुसन्धानमा अपनाइने सुरक्षा नीति तथा कार्ययोजना वस्तुगत, वैज्ञानिक एवं आवश्यकताअनुरुप हुनुपर्नेमा जोड दिनुभयो। सम्मेलनका निष्कर्षले राज्यले अंगिकार गरेको नीतिलाई प्रभावकारीरुपमा कार्वान्वयन गर्दै न्याय स्थापना गर्न अहम भूमिका खेल्नेसमेत उहाँले उल्लेख गर्नुभयो।

समारोहमा प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले आगामी भदौदेखि लागू हुने मुलुकी फौजदारी संहिता ऐनको प्रभावकारी कार्यान्वयन तथा अनुसन्धानकर्ता र अभियोजनकर्ताबीच दिगो सहकार्य र समन्वय कायम गर्न सम्मेलन महत्त्वपूर्ण सावित हुने विश्वास व्यक्त गर्नुभयो। राज्यले लिएको लक्ष्य प्राप्तिका लागि विकास र सुरक्षा सँगसँगै अगाडि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो।

नागरिकका हक अधिकारको सुरक्षा गरी समाजमा शान्ति स्थापना गर्न प्रहरीले सम्पादन गर्ने क्रियाकलापमा कुनै पनि त्रुटि नरहने प्रतिबद्धता व्यक्त गर्दै प्रहरी महानिरीक्षक खनालले यस्ता लक्ष्य पूरा गर्न अनुसन्धानकर्ता र अभियोजनकर्ताबीचको समन्वय र सहकार्यलाई अझ बढी प्रभावकारी बनाउन सम्मेलनले महत्त्वपूर्ण सहयोग गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो।

प्रहरी प्रधान कार्यालय अनुसन्धान विभागका प्रमुख प्रहरी नायब महानिरीक्षक धिरु बस्न्यातले सम्मेलनको उद्देश्य एवं आवश्यकतामाथि प्रकाश पार्नुभयो। सम्मेलनले अनुसन्धानकर्ता र अभियोजनकर्ताबीचको आपसी समझदारी एवं समन्वयमा वृद्धि भई आगामी दिनमा वस्तुगत प्रमाणमा आधारित अनुसन्धान गर्न थप मद्दत पुग्ने विश्वास उहाँले व्यक्त गर्नुभयो।

प्रदेश नम्बर ३ का प्रहरी कार्यालय प्रमुख, सरकारी वकिल तथा चिकित्सकसमेतको सहभागिता रहेको शनिबार सम्पन्न हुने उक्त सम्मेलनमा सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजनकर्ताको सम्पादनसँग सम्बन्धित विषयमा छलफल हुनेछ।

# स्वास्थ्य संस्थाको सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिक

**नेपाल समाचारपत्र**

भक्तपुर

भक्तपुरको चाँगुनारायण नगरपालिकामा सञ्चालित स्वास्थ्य चौकी एवं प्राथमिक उपचार केन्द्र नागरिकको आवश्यकता र मागबमोजिम सेवा विस्तार गरी प्रभावकारीरुपमा स्वास्थ्य सेवा सञ्चालन हुन नसकेको गुनासो सेवाग्राहीले गरेका छन्।

जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुरले सूचना अधिकार समाज भक्तपुरको सहजीकरणमा सञ्चालन गरेको सामाजिक परीक्षणका क्रममा चाँगुनारायण नगर क्षेत्रभित्रका १० वटा स्वास्थ्य संस्थाले सरकारले दिएको औषधि तथा सामान्य सेवा मात्र प्रदान गरेको तर नागरिकका आवश्यकता र मागका आधारमा स्वास्थ्य सेवा प्राप्त गर्न नसकेको गुनासो गरेका हुन्।

चाँगुनारायण नगरपालिका-१ दुवाकोटका माधवप्रसाद न्यौपानेले मातृ तथा बालबालिकालाई दिने खोप सेवा, परिवार नियोजन सेवा र सामान्य बहिरंग सेवा स्वास्थ्य संस्थाबाट उपलब्ध हुने गरेको तर स्वास्थ्य संस्थाले सेवा विस्तार गर्न नसकेको बताउनुभयो।

उहाँले स्वास्थ्यकर्मी १० बजेदेखि ५ बजेसम्म कार्यालयमा भेट्न नसक्ने भन्दै स्वयंसेविकालाई भने राज्यले उचित मूल्यांकन नगरेको गुनासो गर्नुभयो।

सूचना अधिकार समाजले सामाजिक परीक्षणको प्रतिवेदन सार्वजनिक गर्न आयोजना गरेको कार्यक्रममा चाँगुनारायण नगरपालिका-३ का दधिराम गेलालले औषधि खरिद प्रक्रिया नै त्रुटिपूर्ण रहेकाले म्याद गुज्रेका औषधि स्वास्थ्य चौकीसम्म आउने गरेको गुनासो गर्नुभयो।

उहाँले स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन स्थानीय बजेट बढाउन माग गर्नुभयो। कार्यक्रममा दुवाकोटका स्थानीय सोम प्रधानले पूर्ण खोपयुक्त जिल्ला घोषणा भए पनि घरधुरी खोप योजना र बालबालिकाको तथ्यांकमा अन्तर देखिएको बताउनुभयो।

चाँनपा-५ छालिङकी जमुना थापाले स्वास्थ्य केन्द्रका भवन राम्रो भए तापनि वृद्ध र बौद्धिक अपांगमैत्री संरचना नभएको गुनासो गर्नुभयो। सरकारले तोकेको सामान्य मापदण्डका आधारमा स्वास्थ्य संस्था सञ्चालन भए तापनि प्रसुती (सुस्केरी गराउने) सेवा, डाक्टरको उपलब्धता र नियमित स्वास्थ्य सेवा प्रभावकारी नभएको सामाजिक परीक्षणको प्रतिवेदनले देखाएको छ।

कार्यक्रममा जिल्ला समन्वय समिति भक्तपुरका प्रमुख नवराज गेलालले जनताको आवश्यकता र मागका आधारमा स्वास्थ्य सेवा प्रवाह हुनुपर्नेमा जोड दिनुभयो।

उहाँले नगरपालिकाले आफ्नै स्वास्थ्य कार्यक्रमको क्यालेन्डर बनाएर सेवा प्रदान गर्नुपर्ने बताउनुभयो। सो अवसरमा चाँगुनारायण नगरपालिकाका प्रमुख सोमप्रसाद मिश्रले सामाजिक परीक्षणमा उठेका विषयको सम्बोधन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नुभयो।

उहाँले शहरी स्वास्थ्य केन्द्रमा शौचालय र पानीको व्यवस्था २ महिनाभित्र गरिसक्ने, सबै स्वास्थ्य चौकी र केन्द्रका स्वास्थ्यकर्मी १० देखि ५ बजेसम्म कार्यक्षेत्रमै काम गर्ने वातावरण सिर्जना गर्ने बताउनुभयो। नगर प्रमुख मिश्रले औषधि खरिद प्रक्रियामा समेत सुधार गरेर अघि बढ्ने उल्लेख गर्नुभयो।

कार्यक्रममा जिल्ला समन्वय समिति भक्तपुरका उपप्रमुख सरिता कुँवरले महिला स्वयंसेविकालाई सुविधा थप्नुपर्नेमा जोड दिनुभयो। उहाँले सामाजिक परीक्षणले पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व बढाउनुपर्ने विषय उठाएको बताउनुभयो।

जिल्ला जनस्वास्थ्य कार्यालय भक्तपुरका प्रमुख केवी चन्दले स्वास्थ्य चौकी र केन्द्रमा कार्यरत स्वास्थ्यकर्मीले नागरिकको स्वास्थ्यको दायित्व जिम्मेवारपूर्ण ढंगबाट निर्वाह गर्नुपर्ने बताउनुभयो।

कार्यक्रममा पत्रकार महासंघ भक्तपुरका अध्यक्ष पुष्करराज बुढाथोकी, सूचना अधिकार समाजका अध्यक्ष सोम शर्मा (बजगाईं), चाँगुनारायण नगरपालिका स्वास्थ्य शाखाका सहसंयोजक अनिल ढुंगेल, सामाजिक परीक्षक नरेश श्रेष्ठलगायतले मुलुकको संघीय संरचनाअनुरुप नै स्वास्थ्य संस्था पनि रुपान्तरित बन्दै जनमूखी र प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्नुपर्नेमा जोड दिनुभयो।

# जीवित सालकसहित पक्राउ

काठमाडौं, (नेस)

वातावरण तथा वन्यजन्तुसँग सम्बन्धित अपराध रोकथाम, नियन्त्रण तथा अनुसन्धानका लागि केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंजबाट खटिएको प्रहरी टोलीले जीवित सालकसहित २ जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा काठमाडौं चन्द्रागिरी नगरपालिका-२ बस्ने राजेन्द्र तामाङ र बाग्लुङ निसिखोला गाउँपालिका-२ का दुर्गाबहादुर बिक रहेका छन्।

उनीहरूलाई प्रहरीले बिहीबार काठमाडौं महानगरपालिका-४ शंखपार्क अगाडिबाट अवैधरुपमा खरिद बिक्री गर्न बोकी हिडेको अवस्थामा पक्राउ गरेको हो।

उनीहरूलाई आवश्यक कारबाहीका लागि जिल्ला वन कार्यालय हात्तिसारमा पठाउनुका साथै जीवित सालक संरक्षणका लागि सदर चिडियाखाना जावलाखेलमा बुझाइएको सो ब्युरोले जनाएको छ।

# सरकारको निर्णय कार्यान्वयन नगर्न सर्वोच्चको आदेश

काठमाडौं, (नेस)

सर्वोच्च अदालतले सरकारले माइतीघर मण्डलालगायतका क्षेत्रमा प्रदर्शन र हड्तालका कार्यक्रम गर्न लगाएको रोकलाई तत्काल कार्यान्वयन नगर्न आदेश दिएको छ। न्यायाधीश ईश्वर खतिवडाको एकल इजलासले सरकारलाई कारण देखाउ आदेश जारी गर्दै असार २९ गतेसम्मका लागि निर्णयलाई यथास्थितिमा राख्न अल्पकालीन अन्तरिम आदेश दिएको हो।

अन्तरिम आदेश जारी गर्ने कि नगर्ने विषयमा छलफल गर्न सर्वोच्चले असार २९ गते दुवै पक्षलाई बोलाएको छ। सरकारले साउन १ गतेदेखि लागू हुने गरी प्रदर्शनका लागि विभिन्न स्थान तोकेको थियो। त्यसबाहेकका क्षेत्रलाई निषेध गरिएको थियो। माइतीघर मण्डलालगायतका स्थानलाई निषेधित क्षेत्र घोषणा गर्ने सरकारको निर्णयविरुद्ध सर्वोच्च अदालतमा बिहीबार वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले रिट दायर गराउनुभएको थियो। वरिष्ठ अभिवक्ता त्रिपाठीले सरकारलाई विपक्षी बनाई सर्वोच्चमा रिट दायर गर्नुभएको थियो।

# गैंडाको खागसहित दुई पक्राउ

काठमाडौं, (नेस)

महानगरीय प्रहरी वृत्त लैनचौरबाट खटिएको प्रहरी टोलीले नयाँबजारबाट गैंडाको खागसहित २ जनालाई नियन्त्रणमा लिएको छ।

प्रहरीले बा७७प ७५४० नम्बरको मोटरसाइकलमा आएका दार्चुला अपिहिमाल गाउँपालिका-३ घर भई हाल कीर्तिपुर पाँगा बस्ने प्रकाश सिंह धामी र बाजुरा तामपाखा गाउँपालिका-६ फयालटार घर भई नयाँबजार बस्ने गगन बुढालाई चेक जाँच गर्दा गैंडाको खाग फेला पारेको प्रहरीले जनाएको छ।

# आकस्मिक गर्भ निरोधक ई-कन अब एक चक्कीमा

NEPAL CRS COMPANY
नेपाल सिआरएस कम्पनी




काठमाडौं (नेस)

नेपाल सीआरएसद्वारा वितरित आकस्मिक गर्भ निरोधक चक्की ई-कन अब १ चक्कीमा बजारमा उपलब्ध भएको छ। विगतमा ई-कन १ चक्की खाइसकेपछि अर्को चक्की खान बिर्सिने सम्भावना रहेको सर्वेक्षणमा देखिएको हुनाले अहिले ग्राहकको चाहनाअनुसार १ दशमलव ५ एमजी लेभोनोरजेसत्रेल कम्पोजिसनमा ई-कन १ चक्कीमा उपलब्ध गराइएको जानकारी कम्पनीले दिएको छ। असुरक्षित यौनसम्पर्क भएको १ सय २० घन्टाभित्रको समयमा जतिसक्दो चाँडो ई-कन खाइयो, त्यति नै बढी यो प्रभावकारी रहन्छ। ई-कन आकस्मिक गर्भ निरोधक चक्की मात्र रहेको, यसलाई नियमित परिवार नियोजनको साधन बनाउनु नहुने र यसले एचआईभी र अरु यौनजन्य रोग सर्नबाट नरोक्ने जानकारी पनि कम्पनीले दिएको छ।

नेपाल सीआरएस कम्पनी सन् १९७८ बाट सञ्चालित सामाजिक संस्था हो। जसले परिवार नियोजनका अस्थायी साधन, पुनर्जलीय झोल तथा सुत्केरी सामग्रीको बिक्री वितरण र प्रवर्द्धनका साथै दुर्गम सुगम क्षेत्रमा विभिन्न स्वास्थ्य समस्याका विरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ।


## सिनेमा कर्नर










## अग्नि यातायात प्रा. लि.

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ (शम्भु)

## माउन्ट मकालु यातायात सेवा

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३


## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : कोसेली, पुरस्कार प्राप्ति, भाग्योदय, कार्य सफल, धनलाभ।
**वृष** : नोक्सानी, दुर्घटनाको भय, निरर्थक खर्च, विवादमा।
**मिथुन** : पैसा लाभ, विविध सेवा वा वस्तुको प्राप्ति, मिष्ठान्न भोजन।
**कर्कट** : सुख-सन्तोष, कार्यसिद्धि, स्वस्थता, मन प्रफुल्लित।
**सिंह** : राजनीतिमा असफलता, राज्य भय, प्रतिष्ठामा ह्रास, चिन्ता।
**कन्या** : रोगव्याधिको भय, आर्थिक नोक्सानी, काममा बाधा।
**तुला** : धनलाभ, मान-सम्मान, परीक्षामा सफलता, समस्या समाधान।
**वृश्चिक** : द्रव्यलाभ, शत्रु विजय, खेलकुद-परीक्षामा सफलता।
**धनु** : वायुजन्य रोगको भय, काममा असफलता, शोक-सन्ताप।
**मकर** : झाडापखाला, ग्यास्ट्रिकको सम्भावना, विवाद, निरर्थक घुमफिर।
**कुम्भ** : आर्थिक लाभ, मान-सम्मान, पढाइ, व्यापारमा सफलता।
**मीन** : धनहानि, व्यर्थको खर्च, मानसिक चञ्चलता, नेत्ररोग।